<u>२८ औं भूकम्प सुरक्षा दिवस, २०८२</u>

## "सबै तहका सरकार, सबै नागरिकको तयारी : भूकम्प उत्थानशील नेपाल, अबको जिम्मेवारी"

## प्रेस विज्ञप्ति

वि.सं. १९९० साल माघ २ गतेका दिन २ बजेर २४ मिनेट जाँदा गएको महाभूकम्पको स्मृतिमा नेपाल सरकार, गृह मन्त्रालयको संयोजकत्वमा २०५५ साल देखि हरेक वर्ष माघ २ गतेका दिनलाई भूकम्प सुरक्षा दिवसको रुपमा मनाइदै आईएको छ। भूकम्प सुरक्षा दिवसलाई देशव्यापी रुपमा एकरुपता कायम हुने गरी व्यवस्थित, प्रभावकारी तुल्याउन भूकम्प सुरक्षा दिवस मार्गदर्शन २०७१ तर्जुमा भई सोही बमोजिम मूल समारोह समिति, व्यवस्थापन उपसमिति तथा शहरी विकास तथा भवन निर्माण विभागको महानिर्देशकको संयोजकत्वमा प्रचारप्रसार उपसमितिको व्यवस्था भएको छ।

मिति २०८२।०९।२२ गते प्रचारप्रसार उपसमितिको बैठक बसी भूकम्पीय जोखिम न्यूनीकरण गर्न यस दिवसको मूल नाराले निर्दिष्ट गरे बमोजिम सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु देशव्यापी रुपमा संचालन गर्ने विषयमा छलफल भई आवश्यक कार्यहरु अगाडि बढाइएको छ। शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका कार्यालयहरुलाई यो दिवसको अवसरमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी २८ औं भूकम्प सुरक्षा दिवस मनाउन निर्देशन जारी भइसकेको छ।

**"सबै तहका सरकार, सबै नागरिकको तयारी : भूकम्प उत्थानशील नेपाल, अबको जिम्मेवारी"** भन्ने मूल नाराका साथ देशव्यापी रुपमा विविध कार्यक्रमहरु संचालन गरी २८ औं भूकम्प सुरक्षा दिवस देशैभर मनाउने कार्यक्रम रहेको छ। यस दिवसको मूल समारोहको कार्यक्रम काठमाडौं महानगरपालिका स्थित खुल्लामञ्चमा आयोजना गरिनेछ। यस दिन बसन्तपुर क्षेत्रमा विभिन्न संस्थाहरुले लामबद्ध भई भूकम्प सुरक्षा ऱ्यालीमा भाग लिनेछन्। बसन्तपुर बाट शुरु भएर उक्त ऱ्याली आकाश भैरब, इन्द्रचोक, असन, भोटाहिटी हुँदै कार्यक्रम स्थल खुल्लामञ्चमा आइपुग्ने छ।

ऱ्याली पश्चात् सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यमा मूल समारोह समितिको कार्यक्रम आयोजना गरिनेछ। कार्यक्रम स्थलमा दुईदिने भूकम्प सुरक्षा प्रदर्शनी कार्यक्रमको आयोजना गरिने छ। सो कार्यक्रममा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा काम गर्ने बिभिन्न संघसस्थाहरुको पनि सहभागिता रहने छ। भूकम्प सुरक्षा दिवसको उपलक्ष्यमा मूल समारोहको कार्यक्रम बाहेक बिभिन्न निकायहरुको सक्रियतामा प्रदेश तथा स्थानीय तह लगायत देशभरी नै गोष्ठी, छलफल, ऱ्याली, अर्न्तक्रिया, प्रदर्शनी, प्रतियोगिता कार्यक्रहरु, रक्तदान, सडक नाटक, अडियो भिडियो कार्यक्रमहरु लगायतका बिभिन्न प्रचारप्रसारका कार्यक्रमहरु आयोजना हुनेछन्। राष्ट्रिय तथा देशव्यापी रुपमा मनाइने अन्य कार्यक्रमहरुको सूचिहरु तयार गरी यहाँहरुलाई वितरण भएको छ। प्रचारप्रसारलाई थप प्रभावकारी बनाउन यस दिवसको मूल नारा सुहाँउदो पोष्टर समेत तयार गरी उपलब्ध गरिएको छ। प्रचारप्रसारका लागि सन्दर्भ सामाग्रीहरु शहरी विकास तथा भवन निर्माण विभागको website मा राखिएको छ।

भूकम्पबाट सुरक्षित रहन सुदृढ पूर्वतयारी गर्नुपर्छ र हाम्रा घर संरचनाहरु पनि बलियो बन्नुपर्दो रहेछ भन्ने जस्ता बिषयहरु विगतका भूकम्पहरुबाट सिकेको पाठ भूकम्पीय जोखिम न्यूनीकरणका लागि महत्वपूर्ण भएकोले यसको व्यापक प्रचारप्रसार गरी जनचेतना अभिवृद्धि गर्न संचार जगतको महत्वपूर्ण भूमिका रहने भएकोले देशव्यापीरुपमा आयोजना हुने विभिन्न कार्यक्रमहरुमा सहभागी भई भव्य रुपमा यो भूकम्प सुरक्षा दिवस सफल पारिदिन हुन समेत आग्रह गर्न चाहन्छु।

विपद्का बेला जनधनको क्षति मुख्य रुपमा कमजोर घर वा संरचना भत्केर हुने गर्दछ। यसले देशको समग्र विकास स्थितिलाई निकै पछाडि धकेलिदिन्छ। भूकम्पीय जोखिम न्यूनीकरण गर्न सुरक्षित भवन निर्माण गर्नुपर्ने र यसका लागि नेपाल सरकारले जारी गरेको राष्ट्रिय भवन संहिता पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ। यो नै हाम्रो सशक्त पूर्व तयारी हो।

साथै भूकम्प पश्चात्को सम्भाव्य अवस्थालाई पूर्व आँकलन गरी प्रभावकारी र द्रुत खोज तथा उद्धार, सीपयुक्त र तालिम प्राप्त उद्धारक एवम् तत्काल राहतको आवश्यकतालाई समेत तयारी अवस्थामा राख्नु पनि उत्तिकै जरुरी रहेको विषय हो। भूकम्पीय जोखिम न्यूनीकरण गर्न पूर्व तयारी देखि भूकम्प पश्चात्को पुनर्स्थापना सम्मका विभिन्न कार्यहरु विभिन्न निकायहरुबाट निरन्तर रुपमा भइरहेका छन्। केही निकायगत प्रयासहरु संक्षेपमा यस प्रकार रहेका छन्।

**शहरी विकास तथा भवन निर्माण विभाग तर्फ**

सुरक्षित भवन निर्माणको विकास र विस्तार गर्ने कार्यक्षेत्र शहरी विकास तथा भवन निर्माण विभागको संस्थागत उद्देश्यहरु मध्ये एक हो । वि.सं. १९७० को दशकको स्थापना कालदेखि बिभाग यसको लागि निरन्तर रुपमा क्रियाशिल रहेको छ । भूकम्प लगायत बहुप्रकोपीय जोखिमबाट भवन संरचना सुरक्षित गर्न नेपाल सरकारले राष्ट्रिय भवन संहिता तर्जुमा गरी लागू गरेको छ। यसैमा आधारित भएर नयाँ निर्माण तथा प्रवलिकरण गर्नुपर्ने हुन्छ। भवन संहिताको कार्यान्वयनको लागि नीतिगत व्यवस्था, नीतिगत जनचेतना तथा अभिमुखीकरण, क्षमता अभिवृद्धि, प्राविधिक कार्यहरु, अध्ययन तथा अनुसन्धान, अनुगमन तथा मुल्यांकन, समन्वय तथा सहकार्य जस्ता क्षेत्रहरुमा आवश्यक कार्यहरु निरन्तर रुपमा भइरहेको छ । विगतका भूकम्पबाट पाठ सिक्दै भवनको नक्शा डिजाइन गर्न आवश्यक पर्ने भार र डिजाइन गर्ने विधि सहितको भवन निर्माण संहिता NBC १०५ अद्यावधिक गरी लागु भएको छ । देशभर निर्माण हुने भवनहरु राष्ट्रिय भवन संहिता बमोजिम डिजाइन तथा निर्माण भएको सुनिश्चित स्थानीय तहहरुबाट संचालन हुने नक्शा पास प्रकृयामा गुणस्तर परिक्षण, इन्जिनियरिङ्ग सुपरिवेक्षण लगायतका व्यवस्था थप गरी प्राविधिक रुपमा एकरुपता कायम हुने JICA सँगको सहकार्यमा स्पष्ट कार्यविधि (Building construction working procedure, BCWP) तर्जुमा गरी pilot परिक्षणको रुपमा काठमाण्डौ उपत्यकाको ७ वटा स्थानीय तहहरुमा लागू भएको र देशभर हुने नक्शा पास प्रकृयाको आधारभूत मापदण्डको रुपमा लागू गर्न स्थानीय तहहरुबाट हुने भवन निर्माण प्रक्रियामा उक्त कार्यविधि बमोजिम कार्य हुने गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्वीकृत कार्यविधि सहित पत्राचार गरिएको छ । सोही बमोजिम विद्युतीय नक्शा पास प्रणालीलाई पनि एकीकृत रुपमा संचालन गर्ने सोच रहेको छ ।

**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तर्फ**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले दिएको "जिम्मेवारी अनुसार नेपालमा बहुप्रकोपिय जोखिम न्यूनीकरणका साथै भूकम्पीय जोखिम न्यूनीकरण तथा व्यवपस्थापन सम्बन्धी नीति तयार गर्ने तथा सोको कार्यान्वयन गर्ने काम गरिरहेको छ ।

भूकम्प लगायत सबै खालका विपद्बाट घरबास गुमाएका परिवारलाई स्थायी आवासका लागि अनुदान र प्राविधिक सहयोग उपलब्ध गराउन 'विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१' , विपद् सामाग्रीहरुको प्राप्ती भण्डारण, प्याकेजिङ, पुनः प्याकेजिङ, ढुवानी आदिका लागि आपतकालीन गोदामघर संचालन कार्यविधि, २०८१ तर्जुमा भई कार्यान्वयन भईरहेको छ।

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तर्फ**

स्थानीय तहमा बहुप्रकोप प्रतिरोधी भवनसंहिता तथा भवन मापदण्ड कार्यान्वयन र विद्युतीय नक्सापास प्रणाली कार्यान्वयनका लागि समन्वय र सहजीकरण गरिरहेको छ। भूकम्प लगायतका विपद् जोखिम न्यूनीकरण एवम् व्यवस्थापनका लागि पालिकास्तरिय विपद जोखिम न्यूनिकरण सुशासन मुल्याङ्कन विधि को प्रयोग गरी स्थानीय तहको क्षमता मूल्याङ्कन निरन्तर रुपमा गरिरहेको छ। मन्त्रालय अन्तर्गतका प्रशिक्षण प्रतिष्ठान मार्फत स्थानीय तहमा कार्यारत कर्मचारीहरुका लागि भूकम्प लगायत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्षमता विकासका तालिम कार्यक्रमहरु सञ्चालन भएका छन्।

**खानी तथा भूगर्भ विभाग, राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र तर्फ**

खानी तथा भूगर्भ विभाग, राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र भूकम्पीय अध्ययन तथा अनुसन्धान, भूकम्प र भूकम्पीय प्रकोपको सहि निगरानी राख्ने निकाय हो । यसले नेपालमा सेस्मिक तथा एक्सलेरोमेट्रिक स्टेशनहरुको संचालनगरी प्राप्त

आंकडाबाट भूकम्प संबेदनशील क्षेत्रको पहिचान, भूकम्प गए पश्चात यथाशक्य चाँडो भूकम्पको केन्द्र बिन्दु, मान लगायत भूकम्प सम्वन्धि सूचना प्रवाह गरी खोज तथा उद्धारकार्यमा सहयोग पुऱ्याउने तथा सक्रिय भौगर्भिक भ्रंसहरुको पहिचान, अध्ययन तथा नक्सांकन गर्ने काम गर्दै आएको छ ।

**सुरक्षा निकाय तर्फ**

नेपाली सेनाले विपद्बाट प्रभावित बढि भन्दा बढि जनताको जिउधनको रक्षा एवं उद्धार गर्न अधिकतम फौज तथा श्रोत साधनको प्रयोग गर्दै खोज उद्धार अपरेशनहरु संचालन गर्दै आइरहेको छ ।

नेपाल प्रहरी र ७ वटै प्रदेशमा रहेका सशस्त्र प्रहरी बलले बिभिन्न समयमा गइरहने विपद्हरुमा खोज तथा उद्धारका लागि टोलीलाई आवश्यक उद्धार सामाग्रीहरु सहित २४ सै घण्टा परिचालन गर्ने काम गर्दै आएको छ । २८ औं भूकम्प सुरक्षा दिवसको सन्दर्भमा सशस्त्र प्रहरी बल नेपालले देशभर रहेका सम्पूर्ण कार्यालयहरुमा आन्तरिक रुपमा भूकम्प सुरक्षा सम्बन्धी कक्षा संचालन गर्ने, स्थानिय क्लब, समुदाय तथा विद्यालयहरुमा सचेतनामुलक कार्यक्रम तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी कक्षाहरु संचालन गर्ने, प्रदेश, जिल्ला एवं स्थानिय विपद् व्यवस्थापन समितिहरुका पदाधिकारीहरु सम्मिलित कार्यक्रमहरुमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य सम्बन्धी छलफलको आयोजना गर्ने, बाहिनी स्तरीय कृत्रिम घटनामा आधारित विपद् प्रतिकार्य अभ्यास संचालन गर्ने तथा खोज तथा उद्दार सामग्री तथा उपकरणहरुको प्रर्दशनी गर्नेछ । नेपाल प्रहरी विपद् विशेष दस्ता (Special squads) गठन गरी टोली विभाजन तथा जिम्मेबारी बाँडफाँड गरी कूल ६० जना प्रहरी भूकम्प प्रतिकार्यको लागि तयारी अवस्थामा राखिएको छ ।

**नेपाल रेडक्रस सोसाइटी तर्फ**

देशका विभिन्न जिल्लाहरुमा रक्तदान कार्यक्रमहरु संचालन गर्ने, व्यानर सहित ऱ्याली गर्ने, सडक नाटकहरु, रेडियो भिडियो कार्यक्रम, जनचेतनामूलक सूचना प्रकाशन, अस्पतालका विरामीलाई फलफूल वितरण कार्यक्रम, आवश्यकतानुसार प्राथमिक उपचार सेवा, अभिमूखीकरण कार्यक्रम, विद्यार्थीहरुमा Quiz Contest तथा Essay Competition कार्यक्रमहरु, Mobile Information Center बाट सन्देश प्रसारण आदि कार्यहरु गरी भूकम्पीय जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने योजना बनाएको छ ।

**भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) तर्फ**

भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालले विगत ३ दशक देखि नेपालमा भूकम्पीय जोखिम न्यूनीकरण, व्यवस्थापन तथा नेपाली समुदायको सुरक्षा अभिबृद्धिको क्षेत्रमा नेपाल सरकार, स्थानीय तहहरु र अन्तर्राष्ट्रिय संघसस्थाहरुसँग सहकार्य गरेर बिभिन्न प्रकारका अध्ययन,अनुसन्धान, तालिम र जनचेतना प्रबर्द्धनका कार्यहरु , गत विगतका भूकम्पहरुबाट प्रभावित क्षेत्रहरूमा पुनर्निर्माण अभियानलाई सहयोग गर्दै आएको छ । यस अन्तर्गत डकर्मी तालिम, विद्यालय पूर्वाधार विकास, एशिया क्षेत्रका लागि भूकम्प सुरक्षा स्टार्टअप प्याकेज तालिम सामग्री विकास, लगायत सुरक्षित विद्यालय परियोजना अन्तर्गत विद्यालय सुरक्षा र विपद् तयारी सुदृढ गर्न संघीय, प्रदेश तथा स्थानीय तीनै तहका सरकार सँग समन्वय गरी विभिन्न गतिविधिहरू सफलतापूर्वक कार्यान्वयन गरिएका छन् ।

**अन्य**

डीपीनेट नेपालको आयोजनामा २०८२ माघ ७ गते काठमाडौंमा बृहत अन्तरक्रिया कार्यक्रम र Care Nepal, IHRR, CNRD को सहकार्यमा राजदेवी नगरपालिका, दुर्गाभगवती गाउँपालिका, रौतहटसंगको समन्वयमा २०८२ माघ १० देखि १२ गते सम्म समुदाय-स्तरीय कृत्रिम अभ्यास तथा चेतनामूलक कार्यक्रम हुनेछन।

तसर्थ भूकम्पबाट हुने आर्थिक, सामाजिक, भौतिक प्रभाव र जोखिमलाई न्यूनीकरण गर्न सचेत भई एकीकृत, संस्थागत एंव व्यवस्थित रुपमा पूर्व तयारीका कार्य सम्पादन गर्न सकेमा भूकम्पीय जोखिम अवश्य पनि न्यून गर्न सक्छौं । सरकारी अठोट र प्रयासहरु लगायत गैह्र सरकारी संस्थाहरु, नागरिक समाज, निजी क्षेत्र, समुदाय आदि सबैको सहकार्यले मात्र उक्त लक्ष्य प्राप्त हुन सक्ने हुँदा सम्पूर्ण जनसमुदाय तथा सरोकारवालाहरुवाट थप साझा योगदान एंव निरन्तर सहभागिताको लागि हार्दिक अपिल गर्दै गत विगतका भूकम्पहरुबाट पाठ सिकेर पूर्वतयारीका कार्यहरु सुदृढ गर्दै राष्ट्रिय भवन संहिताको प्रयोग गरी बलियो घर संरचना निर्माण गर्ने गराई भुकम्पीय जोखिम न्यूनीकरण तथा सुरक्षित जीवन यापनको आवश्यकता देशव्यापी रुपमा महसुस हुने गरी सचेतनाको विकास तथा विस्तार होस् भन्ने शुभकामना व्यक्त गर्दै २८ औं भूकम्प सुरक्षा दिवस भव्य रुपमा मनाउन हामी विशेष अनुरोध गर्दछौं ।

**ई. रवीन्द्र बोहरा**

**महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग**

**तथा**

**संयोजक, प्रचारप्रसार उप-समिति, २८ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस, २०८२**

<u>**केही सन्दर्भ सामाग्रीको लागि**</u>